नेपाल सरकार

मा. सुरेन्द्र लाभ कर्ण
प्रदेश प्रमुख
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

*हार्दिक शुभकामना*

इस्लाम धर्मका संस्थापक पैगम्बर हजरत मोहम्मदको शुभ जन्मजयन्ती (ईद-ए-मिलादुन्नबी) को पावन अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण मुस्लिम दाजुभाइ तथा दिदीबहिनीहरूका साथै समस्त प्रदेशवासीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

पैगम्बर हजरत मोहम्मदले मानव जातिलाई देखाउनुभएको सत्य, करुणा, दया, शान्ति र सामाजिक न्यायको मार्ग आजको समयमा अझ बढी सान्दर्भिक बनेको छ। उहाँका कालजयी उपदेशहरूले हामीलाई आपसी सद्भाव, भाइचारा र असहायहरूप्रति सेवाभाव राख्ने प्रेरणा प्रदान गर्दछन् ।

बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषता बोकेको हाम्रो मधेश प्रदेश धार्मिक सहिष्णुता र आपसी भाइचाराको उत्कृष्ट प्रतीक हो। यस्ता पवित्र पर्वहरूले विभिन्न समुदायबीचको एकतालाई अझ मजबुत बनाउन र प्रदेशमा स्थायी शान्ति, प्रगति तथा समृद्धिको दिशामा अघि बढ्न हामी सबैलाई प्रेरणा दिनेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा, हजरत मोहम्मदको जन्मजयन्तीले हामी सबैमा सत्य र न्यायको मार्गमा हिँड्ने शक्ति प्रदान गरोस् भन्दै पुनः सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

*जय देश ! जय मधेश !!*
*मिति २०८३ भदौ १० गते (बुधबार)*

..............................
(मा. सुरेन्द्र लाभ कर्ण)
प्रदेश प्रमुख